# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौँ, भदौ ४ गते, २०७५ साल (अतिरिक्ताङ्क १७

## भाग २

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सूचना

नेपाल सरकारले मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १९८ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको अनुसूचीमा देहाय बमोजिम हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(१) अनुसूची-१ को प्रकरण (१) को खण्ड (क) को,-

(क) उपखण्ड (१३) मा रहेका "दफा १९२" भन्ने शब्दहरूको सट्टा "दफा १९२, १९३ र १९४" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपखण्ड (२०) मा रहेका "दफा २४९, २५०, २५१, २५२ र २५३" भन्ने शब्दहरुको सट्टा "दफा २५०, २५१, २५२ र २५३" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) उपखण्ड (२३) मा रहेका "दफा २८३" भन्ने शब्दहरुको सट्टा "दफा २८५" भन्ने शब्दहरु राखिएका छन् ।

(२) अनुसूची-२ को,-

(क) प्रकरण (१) को खण्ड (क) पछि देहायको खण्ड (ख) थपिएको छः- "(ख) भाग-२ को परिच्छेद-८ को दफा १४७, १४८, १४९ र १५०"

(ख) प्रकरण (५) मा रहेका "तथा सोसँग सम्बन्धित परिच्छेद-११ अन्तर्गतका" भन्ने शब्दहरुको सट्टा "सम्बन्धी" भन्ने शब्द राखिएको छ ।

(३) अनुसूची-४ को,-

(१) प्रकरण (१) को खण्ड (क) को,-

(क) उपखण्ड (१) मा रहेका "दफा १९२ बाहेक" भन्ने शब्दहरुको सट्टा "दफा १९२, १९३ र





१९४ बाहेक" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपखण्ड (२) झिकिएको छ ।

(ग) उपखण्ड (५) मा रहेका "दफा २७७" भन्ने शब्दहरुको सट्टा "दफा २७८" भन्ने शब्दहरु राखिएका छन् ।

(२) प्रकरण (५) मा रहेका "तथा सोसँग सम्बन्धित परिच्छेद-११ अन्तर्गतका" भन्ने शब्दहरुको सट्टा "सम्बन्धी" भन्ने शब्द राखिएको छ ।

(४) अनुसूची-९ मा रहेका "प्रहरी कर्मचारीको" भन्ने शब्दहरुको सट्टा "प्रहरी कर्मचारी/अनुसन्धान अधिकारीको" भन्ने शब्दहरु राखिएका छन् ।

(५) अनुसूची-१० को ठाउँ ठाउँमा रहेको "प्रहरी" भन्ने शब्द झिकिएको छ ।

(६) अनुसूची-१८ मा रहेका "प्रहरी डायरी" भन्ने शब्दहरुको सट्टा "अनुसन्धान डायरी" भन्ने शब्दहरु राखिएका छन् ।

(७) अनुसूची-१९ को प्रकरण (७), (८) र (९) मा रहेको "कसूरदार" भन्ने शब्दको सट्टा "अभियुक्त" भन्ने शब्द राखिएको छ ।

(८) अनुसूची-२० मा रहेका "दफा २०" भन्ने शब्दहरुको सट्टा "दफा ३२" भन्ने शब्दहरु राखी सोही अनुसूचीको द्रष्टव्यको खण्ड (२) मा रहेका

"कसूरदार सबैको" भन्ने शब्दहरुको सट्टा "सबै अभियुक्तको" भन्ने शब्दहरु राखिएका छन् ।

(९) अनुसूची-२१ को ठाउँ ठाउँमा रहेको "कसूरदार" भन्ने शब्दको सट्टा "प्रतिवादी" भन्ने शब्द राखिएको छ ।

(१०) अनुसूची-२२ को ठाउँ ठाउँमा रहेका "पक्राउ पूर्जी" भन्ने शब्दहरुको सट्टा "पक्राउ पूर्जी/समाह्वान" भन्ने शब्दहरु राखिएका छन् ।

(११) अनुसूची-२४ मा रहेको "कसूरदारका" भन्ने शब्दको सट्टा "अभियुक्त/साक्षी/अन्य व्यक्ति" भन्ने शब्दहरु राखिएका छन् ।

(१२) अनुसूची-२७ मा रहेको "तीस" भन्ने शब्दको सट्टा "पन्ध्र" भन्ने शब्द राखिएको छ ।

(१३) अनुसूची-३२ को ठाउँ ठाउँमा रहेको "प्रहरी" भन्ने शब्द झिकी "हिरासतमा राखी यो थुनुवा पूर्जी" भन्ने शब्दहरुको सट्टा "हिरासतमा राख्न यो थुनुवा पूर्जी" भन्ने शब्दहरु राखिएका छन् ।

(१४) अनुसूची-३८ को ठाउँ ठाउँमा रहेको "बयान" भन्ने शब्दको सट्टा "बकपत्र" भन्ने शब्द राखिएकोछ ।

(१५) अनुसूची-३९ मा रहेको "उजुरवाला" भन्ने शब्दको सट्टा "वादी" भन्ने शब्द, "अभियुक्त" भन्ने शब्दको सट्टा "प्रतिवादी" भन्ने शब्द र "बयान" भन्ने शब्दको सट्टा "बकपत्र" भन्ने शब्द राखिएको छ ।

(१६) अनुसूची-४० मा रहेको "वारेशनामा" भन्ने शब्दको सट्टा "वारेश" भन्ने शब्द राखिएको छ ।





(१७) अनुसूची-४१ मा रहेको "उजुरवाला" भन्ने शब्दको सट्टा "वादी" भन्ने शब्द, "अभियुक्त" भन्ने शब्दको सट्टा "प्रतिवादी" भन्ने शब्द र "बयान" भन्ने शब्दको सट्टा "बकपत्र" भन्ने शब्द राखिएको छ ।

**आज्ञाले,**
**राजीव गौतम**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३